# संविधानमा भएको संघीय प्रणालीसम्बन्धी प्रावधानका विषयमा संशोधन खण्ड

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १ | | प्रस्तावना : हामी सार्वभौम सम्पन्न नेपाली जनता;<br>नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै;<br>राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै;<br>सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै;<br>बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै;<br>जनताको प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति | नेपालको संविधानको प्रस्तावनामा संशोधन :<br>संविधानको प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छ:<br>प्रस्तावना : हामी सार्वभौम सम्पन्न नेपाली जनता;<br>नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै;<br>राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान गर्दै;<br>सामन्ती, निरंकुश, केन्द्रिकृत राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै;<br>बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसास्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; | नेपालमा विधमान सबै प्रकारका विभेद र उत्पीडन एकात्मक राज्य व्यवस्थाको कारणले नभई मूलतः सामन्ती, निरंकुश, र केन्द्रिकृत राज्य व्यवस्थाको कारणले नै सृजित भएको हो । नेपाल एकात्मक राज्य व्यवस्थाको स्वरुपको कारणले पनि त्यस प्रकारका विभेद र उत्पीडन सृजना भएको भन्ने मान्यता संविधानको प्रस्तावनामा नै किटानी पूर्वक उल्लेख गर्दा सबै दृष्टिले अवैज्ञानिक, अव्यवहारिक हुनुका साथै एकात्मक शासनको विश्वव्यापी अभ्यासका र अनुभवबाट ध्यान हटाएको हुनेछ । एकात्मक राज्य प्रणाली भएको कैयौं मुलुक विकासको उच्च चरणमा रहेका छन् ।<br>नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक तथा विभिन्न क्षेत्र र विविध संस्कृतियुक्त छ । आर्थिक सामाजिक र राजनैतिक दृष्टिले पिछडिएको र विपन्न, परनिर्भर र अल्पविकसित एवं अर्धऔपनिवेशीक अवस्थाको छ । नेपाल सदीयौंदेखि विभिन्न जाति, धर्म, भाषा, क्षेत्र र सम्प्रदाय बिच अनुपम सामाजिक एकता र सदभाव, सहिष्णुता, कायम रही आएको विविधतायुक्त देश हो ।<br>तर सामाजिक रुपमा पिछडिएको आर्थिक रुपमा एकदम कमजोर र राजनैतिक दृष्टिले मूलतः सत्ता राजनीति बाहय |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न; संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं । | वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै; जनताको प्रतिस्पर्धात्मक बहुदलिय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न; प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वयक्त शासनमाथि आधारित एकात्मक लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं । | शक्ति केन्द्रद्धारा निर्देशित दब्बु, अस्थिर र सत्ता स्वार्थमा आधारीत रहेको हाम्रो जस्तो देशमा संघिय प्रणालीले जातिय, धार्मिक, भाषिक र क्षेत्रगत सदभाव विथोल्ने जातिय क्षेत्रिय विग्रह र कलह विद्धेश उत्पन्न गर्ने, राष्ट्रिय विखण्डन तर्फ राज्य उन्मुख हुने आर्थिक हिसाबले संघीय प्रणाली थेग्न र टिकाउन असम्भव हुने र अन्ततः राज्यको स्वतन्त्रता, सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता र स्वाधीनता नै गुम्ने र राज्यको अस्तित्वनै समाप्त हुन जाने भएकोले संघीय प्रणाली र संघीय संरचनासम्बन्धी सम्पूर्ण व्यवस्था हटाइ त्यसको सट्टा संवैधानिक रुपमा नै लोकतान्त्रीक गणतन्त्रात्मक, प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक प्रणाली युक्त शासन व्यवस्था कायम गर्न प्रस्तावित संसोधित व्यवस्था राख्नु उचित देखिएकोले । |
| २ | १९. उपधारा (१) | १९. (१) तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । | १९. (१) तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा केन्द्र र स्थानीय तहबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं | माथि क्र.सं. २ मा उल्लेखित संघीयतासम्बन्धी व्याख्यात्मक टिप्पणीका आधारमा यो धारामा रहेको “संघीय”शब्द हटाउनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिनेछैन । | |
| ३ | ५१ ख (६) | ५१. (ख) को (६) संघीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने । | ५१. (ख) को (६) स्थानीय तह, प्रशासनिक प्रदेश र केन्द्र बीच जिम्मेवारी, श्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्वन्धको विकास र विस्तार गर्ने । | संघीय प्रणाली र संघीय संरचना सम्बन्धी सम्पूर्ण व्यवस्था हटाइ त्यसको सट्टा संवैधानिक रुपमा नै लोकतान्त्रिक गणतन्त्रात्मक, प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक प्रणाली युक्त शासन व्यवस्था उचित देखिएकोले । |
| ४ | ५४ | अनुगमनसम्बन्धी व्यवस्था : यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्न **संघीय** संसदमा कानून बमोजिम एक समिति रहनेछ । | अनुगमनसम्बन्धी व्यवस्था : यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्न संसदमा कानून बमोजिम एक समिति रहनेछ । | संघीयतासम्बन्धी सबै प्रावधानहरु हटाउनु पर्ने भएकोले । |
| ५ | ५६ (१) | ५६. राज्यको संरचना : (१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने छ । | ५६. राज्यको संरचना : (१) लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना केन्द्र, र स्थानीय तह गरी दुई तहको हुने छ । स्थानीय स्वायत्त शासनको संरचना प्रशासनिक प्रदेश, जिल्ला र स्थानीयतह गरी तीन तहको हुने छ । | प्रजातान्त्रिक विकेन्द्रियतामा आधारित स्थानीय स्वायत्त शासनसहितको एकात्मक लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यम नै उपयुक्त हुने भएकोले । |
| ६ | ५६ (२) | ५६. (२) नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् । | ५६. (२) नेपालको राज्य शक्तिको प्रयोग केन्द्र, प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् । | संघीयतासम्बन्धी सबै प्रावधानहरु हटाउनुपर्ने भएकोले । |
| ७ | ५६ (४) | ५६. (४) स्थानीय तहअन्तरगत गाउँ पालिका, नगरपालिका र जिल्ला सभा रहने छन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुनेछ । | ५६. (४) स्थानीय तहअन्तरगत गाउँ पालिका, नगरपालिका र जिल्ला समिति रहने छन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या कानून बमोजिम हुनेछ । | संघीयतासम्बन्धी सबै प्रावधानहरु हटाउनुपर्ने भएकोले । |
| ८ | ५६ (५) | ५६. (५) संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा | ५६. (५) कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका | संघीयतासम्बन्धी सबै प्रावधानहरु हटाउनुपर्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | स्वायत्त क्षेत्र कायम गर्न सकिने छ । | लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने छ । | |
| ९ | ५६ (६) | ५६ (६) संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रियहित, सर्वाङ्गीण विकास, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा, सन्तुलन वहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन । | ५६. (६) केन्द्र, प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तहले नेपालको स्वतन्त्रता सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रियहित, सर्वाङ्गीण विकास, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा, सन्तुलन बहुलता र समानतामा आधारित समतामुलक समाज, समावेशी प्रतिनीधित्व र पहिचानको संरक्षण गर्ने छन । | माथि उल्लेखति आधार कारणबाट |
| १० | ५७ (१) | ५७. राज्यशक्तिको बाँडफाँड : (१) संघको अधिकार अनुसूची-५ मा उल्लेखित विषयमा निहित रहने छ र यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून बमोजिम हुनेछ । | ५७. राज्यशक्तिको बाँडफाँड : (१) केन्द्रको अधिकार अनुसूची-५ मा उल्लेखित विषयमा निहीत रहने छ र यस्तो अधिकारको प्रयोग यो संविधान र कानून बमोजिम हुने छ । | संघीयताको आवश्यकतको नभएको कारण माथि उल्लेख गरिसकिएको छ । |
| ११ | ५७ (२) | ५७. (२) प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानून बमोजिम हुनेछ । | ५७. (२) प्रशासनिक प्रदेश केन्द्रअन्तर्गतको प्रशासनिक इकाई हुनेछ र त्यसको अधिकारको प्रयोग यो संविधान र कानून बमोजिम हुनेछ । | प्रदेशलाई एक प्रशासनिक इकाईको रुपमा प्रशासनिक कार्य एवम स्थानीय तह र केन्द्रको बीच समन्वयकारी भूमीकाका लागि मात्र व्यवस्था गर्नु उपयुक्त भएकोले |
| १२ | ५७ (३) | ५७. (३) संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान, संघीय कानून र प्रदेश कानुन बमोजिम हुनेछ । | यो पुरै हटाउने । | संघीय प्रणाली अस्वीकृत गरिएको हुँदा । |
| १३ | ५७ (४) | ५७. (४) स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा र नगरसभाले बनाएको कनून बमोजिम हुनेछ । | ५७. (४) अनुसूची-८ मा उल्लेखित अधिकारहरु यो संविधान र जिल्लासभा गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम जिल्ला समिति, नगर वा गाउँ पालिकामा विभाजित हुनेछ । | तत् तत् तहको अधिकार तत् तत् तहबाट विवाद रहित तवरले प्रयोग गर्नु नै वाञ्छनीय हुने भएकोले |
| १४ | ५७ (५) | ५७. (५) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार | ५७. (५) केन्द्र, प्रशासनिक प्रदेश, | संघीयताको सम्वन्धमा माथी नै उल्लेख |

| | | | | |
|---|---|---|---|---|
| | | अनुसूची - ९ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगरसाभाले बनाएको कानून वमोजिम हुनेछ । | जिल्ला र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान, जिल्ला सभा, गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुनेछ । | गरिएका आधार कारणबाट |
| १५ | ५७ (६) | ५७. (६) उपधारा ३ वा ५ बमोजिम प्रदेशसभा, गाउँसभा वा नगरसभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी वनाउनु पर्ने छ र प्रदेशसभा, नगरसभा वा गाउँ सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । | ५७. (६) उपधारा ५ बमोजिमको जिल्ला सभा, गाउँसभा वा नगरसभाले कानून बनाउँदा संविधानसँग नबाझिने गरी बनाउनु पर्ने छ । जिल्ला सभा, नगरसभा वा गाउँसभाले बनाएको त्यस्तो कानुन संविधानसँग बाझिएको हदसम्म अमान्य हुने छ । स्थानीय स्वायत्त शासनका सबै काम कारवाही संसदले बनाएको कानून अनुसार सञ्चालन हुने छ । स्थानीय स्वायत्त शासनअन्तर्गतका प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तह तथा प्रशासनको कुनै तहको बीचमा कुनै विवाद उत्पन्न भएमा सम्बन्धित अदालतबाट त्यसबारे निर्णय गरिने छ । | केन्द्र, प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तह गरी देशको राज्य सञ्चालनको लागि दुई तहको परिकल्पना गरिएकोले । |
| १६ | ५७ (७) | ५७. (७) उपधारा ५ बमोजिम गाउँ सभा वा नगरसभाले कानुन बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्ने छ र गाउँ सभा वा नगरसभाले बनाएको त्यस्तो कानून प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । | ५७. (७) उपधारा ५ बमोजिम जिल्ला सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संसदले वनाएको कानूनसँग नवाझिने गरी बनाउनु पर्ने छ र जिल्ला सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संसदबाट बनाएको कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ । | संसदले बनाउने कानुनले राष्ट्रिय क्षेत्राधिकार ग्रहण गर्ने भएकोले त्यससँग बाझिने गरी स्थानीय तहले कानुन बनाउन नमिल्ने । |
| १७ | ५८ | ५८. अवशिष्ट अधिकार : यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुनेछ । | ५८. अवशिष्ट अधिकार : यस संविधान बमोजिम केन्द्र, जिल्ला तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा केन्द्रको अधिकार | राज्यको संरचनाको मुख्य तह भएको सिद्धान्तको आधारमा । |

| | | | | |
|---|---|---|---|---|
| | | | हुनेछ । | |
| १८ | ५९ (१) | ५९. आर्थिक अधिकारको प्रयोग: (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानून वनाउने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् । | ५९. आर्थिक अधिकारको प्रयोग: (१) केन्द्र, प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानून वनाउने वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने छन् । | राज्यको संरचनाको केन्द्र, जिल्ला तथा स्थानीय तहको परिकल्पना गरिएकोले । |
| १९ | ५९ (२) | ५९. (२) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागु हुने गरी आवश्यक नीति, मापदण्ड र कानून वनाउन सक्नेछ । | ५९. (२) केन्द्रले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा जिल्ला र स्थानीय तहलाई समेत लागु हुने गरी आवश्यक नीति, मापदण्ड र कानून वनाउन सक्नेछ । | केन्द्र र स्थानीय तहको परिकल्पना गरिएकोले । |
| २० | ५९ (३) | ५९. (३) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट वनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून वमोजिम हुनेछ । | ५९. (३) केन्द्र, जिल्ला र स्थानीय तहले आ-आफ्नो तहको बजेट वनाउने छन् र जिल्ला र स्थानीय तहले बजेट पेश गर्ने समय कानून वमोजिम हुनेछ । | आर्थिक अनुशासन कायम गर्न । |
| २१ | ५९ (४) | ५९. (४) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ । | केन्द्र, जिल्ला र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्नेछ । | |
| २२ | ५९ (४) | ५९. (५) संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ । | ५९. (५) केन्द्र, जिल्ला र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समुदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानून बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ । | |
| २३ | ५९ (७) | ५९. (७) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ५९. (७) केन्द्र, जिल्ला र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था | |

| | | | | |
|---|---|---|---|---|
| | | | कानून बमोजिम हुनेछ । | |
| २४ | ६० (१) | ६०. राजस्व स्रोतको बाँडफाँड: (१) संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने छन् । | ६०. राजस्व स्रोतको बाँडफाँड: (१) केन्द्र, जिल्ला र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने छन् । | |
| २५ | ६० (२) | ६०. (२) नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने छ । | ६०. (२) नेपाल सरकारले संकलन गरेको राजस्व केन्द्र, जिल्ला र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउने छ । | |
| २६ | ६० (३) | ६०. (३) प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ । | ६०. (३) जिल्ला र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ । | |
| २७ | ६० (४) | ६०. (४) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानिकरण अनुदान वितरण गर्नेछ । | ६०. (४) नेपाल सरकारले जिल्ला र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानिकरण अनुदान वितरण गर्नेछ । | |
| २८ | ६० (५) | ६०. (५) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन् । | ६०. (५) जिल्ला र स्थानीय तहले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा कानून वमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन् । | |
| २९ | ६० (६) | ६०. (६) नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपुरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्वन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | ६०. (६) नेपाल सरकारले सञ्चितकोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपुरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्वन्धी व्यवस्था कानून बमोजिम हुनेछ । | |
| ३० | ६० (७) | ६०. (७) संघ, प्रदेश र स्थानीय तहबीच राजस्वको वाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रुपमा गर्नु पर्नेछ । | ६०. (७) केन्द्र, जिल्ला र स्थानीय तहबीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रुपमा गर्नु पर्नेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | ६० (८) | ६०. (८) राजस्व बाँडफाँड सम्बन्धी संघीय ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नु पर्ने विषयहरूमा ध्यान दिनु पर्नेछ । | ६०. (८) राजस्व बाँडफाँड सम्बन्धी ऐन बनाउँदा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तहको स्वायत्तता र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरीबी र असमानताको न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नु पर्ने विषयहरूमा ध्यान दिनु पर्नेछ । | |
| ३२ | ६२ (१) | ६२. राष्ट्रपतिको निर्वाचन: (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार संघीय कानून वमोजिम फरक हुनेछ । | ६२. राष्ट्रपतिको निर्वाचन: (१) राष्ट्रपतिको निर्वाचन संसदका दुवै सदन र जिल्ला सभाका सबै सदस्यहरु मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । | |
| ३३ | | भाग -७<br>संघीय कार्यपालिका | भाग -७<br>कार्यपालिका | |
| ३४ | | ७५. कार्यकारिणी अधिकार:<br>(३) नेपालको संघीय कार्यकारिणी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुनेछ । | ७५. कार्यकारिणी अधिकार:<br>(३) नेपालको कार्यकारिणी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुनेछ । | |
| ३५ | | ७६. मन्त्रिपरिषदको गठन:<br>(९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित वढीमा पच्चिस जना मन्त्री रहेको मन्त्रिपरिषद गठन गर्नेछ । | ७६. मन्त्रिपरिषदको गठन:<br>(९) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संसदका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित वढीमा पच्चिस जना मन्त्री रहेको मन्त्रिपरिषद गठन गर्नेछ । | |
| ३६ | | ७६. (१०) प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन् । | ७६. (१०) प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संसदप्रति | |

| | | | | |
|---|---|---|---|---|
| | | | उत्तरदायी हुनेछन् । | |
| ३७ | | ७८. संघीय संसदको सदस्य नभएको व्यक्ति मन्त्री हुने: (१) धारा ७६ को उपधारा ९ मा जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ । | ७८. संसदको सदस्य नभएको व्यक्ति मन्त्री हुने: (१) धारा ७६ को उपधारा ९ मा जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संसदको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ । | |
| ३८ | | ७८. (२) उपधारा १ वमोजिम नियुक्त मन्त्रीले सपथग्रहण गरेको छ महिना भित्र संघीय संसदको सदस्यता प्राप्त गर्नु पर्नेछ । | ७८. (२) उपधारा १ बमोजिम नियुक्त मन्त्रीले सपथग्रहण गरेको छ महिनाभित्र संसदको कुनै सदनको सदस्यता प्राप्त गर्नु पर्नेछ । | |
| ३९ | | ७८.(३) उपधारा (२) बमोजिमको अवधिभित्र संघीय संसदको सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रतिनिधि सभाको कार्यकाल भर निज मन्त्री पदमा पुन: नियुक्तिका लागि योग्य हुने छैन । | ७८.(३) उपधारा (२) वमोजिमको अवधिभित्र संसदको कुनै सदनको सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रतिनिधि सभाको कार्यकाल भर निज मन्त्री पदमा पुन: नियुक्तिका लागि योग्य हुने छैन । | |
| ४० | | ७९. प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा: प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक र अन्य सुविधा संघीय ऐन बमोजिम हुनेछ । त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | ७९. प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा: प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक र अन्य सुविधा ऐन बमोजिम हुनेछ । त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ । | |
| ४१ | | ८०. शपथ: प्रधानमन्त्री, उप प्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति समक्ष तथा राज्य मन्त्री र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानुन बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ । | ८०. शपथ: प्रधानमन्त्री, उप प्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति समक्ष तथा राज्य मन्त्री र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि कानुन बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ । | |
| ४२ | | ८१. राष्ट्रपतिलाई जानकारी दिने: प्रधानमन्त्रीले देहायका विषयहरुमा राष्ट्रपतिलाई जानकारी गराउनेछ:(क)<br>(ख) संघीय संसदमा पेश गरिने विधयक, | ८१. राष्ट्रपतिलाई जानकारी दिने: प्रधानमन्त्रीले देहायका विषयहरुमा राष्ट्रपतिलाई जानकारी गराउनेछ:(क)<br>(ख) संसदमा पेश गरिने विधेयक, | |
| ४३ | | भाग - ८<br>संघीय व्यवस्थापिका | भाग - ८<br>व्यवस्थापिका : भाग ८ र यस | |

| | | | | |
|---|---|---|---|---|
| | | | अन्तर्गतका सबै धारा उपधारामा समेत रहेको संघीय शब्द हटाइएको छ । | |
| ४४ | १०९, ११०, १११, ११२, ११३, ११४ | भाग - ९<br>संघीय व्यवस्थापन कार्यविधि | भाग ९ र यसअन्तर्गतका धारा उपधारा समेतमा रहेको संघीयता शब्द हटाइएको छ । | |
| ४५ | | १०९. संघीय संसदको व्यवस्थापिकीय अधिकार: संघीय संसदको व्यवस्थापिकीय अधिकार अनुसूची-५, अनुसूची-७ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ । | धारा १०९ मा संशोधन<br>धारा १०९ को सट्टामा देहायको धारा १०९ राखिएको छ:<br>१०९. संसदको व्यवस्थापिकीय अधिकार: संसदको व्यवस्थापिकीय अधिकार अनुसूची-५, अनुसूची-७ र अनुसूची-९ भन्ने शब्द र अंकहरु हटाईएको छ । | |
| ४६ | ११५, ११६, ११७, ११८, ११९, १२०, १२१, १२२, १२३, १२४, १२५ | भाग - १० संघीय आर्थिक प्रणाली । | भाग १० र यसअन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको “संघीय” हटाईएको छ । | |
| ४७ | १३०, १३३ (६), १३७ को २ (ख), १३८, १३८ (३) | भाग - ११<br>न्यायपालिका | संविधानको भाग ११ र यसअन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको “संघीय” शब्दावली हटाईएको छ । | |
| ४८ | १३७ (१) | संविधानको धारा १३७ मा भएको संवैधानिक इजलाससम्बन्धी संवैधानिक व्यवस्था त्यसको गठन र कार्यक्षेत्र सम्बन्धी व्यवस्था रहेको छ । | उक्त व्यवस्था खारेज गर्ने । | विभिन्न इजलास तोक्न सक्ने सर्वोच्च अदालत ऐनले सर्वोच्च अदालतलाई अधिकार दिएकोले संवैधानिकसम्बन्धी इजलास स्वत: सर्वोच्च अदालतको कार्यक्षेत्र भित्र पर्ने भएकोले छुटै संविधानमा व्यवस्था गरिरहनु परेन । |
| ४९ | १५९ | भाग-१२<br>महान्यायाधिवक्ता | भाग १२ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको “संघीय” शब्दावली हटाईएको छ । | |
| ५० | १६२ | भाग १३ प्रदेश कार्यपालिका | “भाग १३”<br>प्रदेश समन्वय समिति<br>१६२. प्रदेश समन्वय समिति: (१) प्रदेश भित्रका जिल्लाहरुलाई समन्वय गर्नका लागि एक प्रदेश समन्वय समिति रहेनछ | |

| | | | | |
|---|---|---|---|---|
| | | | ।<br>(२) उपधारा (१) बमोजिमको प्रदेश समन्वय समिति जिल्ला सभाहरुबाट एक एक जना प्रतिनिधिहरु निर्वाचित भएर प्रदेश समन्वय समितिको गठन हुनेछ ।<br>(३) उपधारा (२) बमोजिमको प्रदेश समन्वय समितिको प्रतिनिधिका लागि जिल्ला सभा भित्रका वा बाहिरका व्यक्तिहरु पनि उमेदवार बन्न सक्ने छन् ।<br>(४) उपधारा (२) बमोजिम जिल्ला सभाको प्रतिनिधि प्रदेश समन्वय समितिमा निर्वाचित भएमा जिल्लाको स्थान रिक्त हुनेछ र उक्त रिक्त स्थानको लागि निर्वाचन हुनेछ ।<br>(५) प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकार कानून बमोजिम हुने छ । | |
| ५१ | भाग १४, १५ र १६ | भाग १४ प्रदेश व्यवस्थापिका<br>भाग १५ प्रदेश व्यवस्थापन कार्यविधि<br>भाग १६ प्रदेश आर्थिक कार्यप्रणाली | हटाउने | यी सबै संघीय संरचनासँग सम्बन्धित प्रावधान भएकोले हटाउनु पर्ने देखिएको । |
| ५२ | | भाग - १७<br>स्थानीय कार्यपालिका | भाग १७ सँग सम्बन्धित सबै धारामा प्रयोग भएको संघीय शब्द हटाउने । | |
| ५३ | २२० | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति:<br><br>२२० (१) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरु बीच समन्वय गर्न एक जिल्ला सभा रहने छ । | धारा २२० मा संशोधन<br>धारा २२० को सट्टा देहायको धारा २२० राखिएको छ:<br>२२० जिल्ला सभा<br>धारा २२० को उपधारा १ जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीचको “समन्वयात्मक कार्यकारिणी भूमिकामा” एक जिल्ला सभा रहने छ । | यस संविधानमा अधिकार विहीन समन्वयको प्रावधा रहेकोले स्थानीय स्तरमा समस्याको समाधान गर्न र स्थानीय निकायलाई चुस्त र दुरुस्त राख्न र यिनीहरुको कामको निगरानी राख्दै आवश्यक मार्ग निर्देशन गर्नका लागी एक समन्वयकारी भूमीकामा रहेको जिल्ला स्तरीय निकायको आवश्यकता देखिएकोले । |
| ५४ | | | जिल्लास्तरमा जिल्ला सभा र जिल्ला | |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिहरु हुने छन:<br>१. जिल्ला सभाका लागि प्रत्येक गाउँपालिका र नगरपालिकाबाट १/१ प्रतिनीधिहरुको चुनाव हुनेछ ।<br>२. जिल्लामा महिला वा सूचिकृत जनजातिका लागि आरक्षित सिट छुट्याइने छ । सोका लागि जिल्ला भरका सम्बन्धित समुदाय वा जातिहरुका मतदाताबाट बेग्लै मतदान गराई छनौट गरिने छ ।<br>३. जिल्ला सभाले अध्यक्ष, उपाध्यक्ष सहित जिल्ला समितिको चुनाव गर्ने छ ।<br>४. जिल्ला समितिको चुनावको प्रकृया कानून बमोजिम हुने छ ।<br>५. जिल्ला सभाका सदस्य तथा जिल्ला समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुको पदावधी निर्वाचित भएको मितिले ५ वर्षको हुने छ ।<br>६. जिल्ला समितिका अध्यक्ष र उपाध्यक्ष पदेन जिल्ला सभाका अध्यक्ष र उपाध्यक्ष हुने छन् ।<br>७. जिल्ला सभा र जिल्ला समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुको पद रिक्त हुने अवस्था:<br>क. अध्यक्षले उपाध्यक्ष समक्ष र उपाध्यक्ष तथा सदस्यहरुले अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | ख. निजको पदावधी समाप्त भएमा<br>ग. निजको मृत्यु भएमा<br>घ. आर्थिक हिनामिना गरेको ठहरिएमा<br>ङ. कुनै फौजदारी अभियोगमा कसूरदार ठहरियमा<br>९. जिल्ला समितिका काम कर्तव्य र अधिकार कानून बमोजिम हुनेछ । | |
| ५५ | | भाग - १८<br>स्थानीय व्यवस्थापिका | भाग १८ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्दावली हटाईएको छ । | |
| ५६ | | भाग - १९, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३२, ३३, ३४ को सम्बन्धमा | भाग १९, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३२, ३३, ३४ यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्दावली हटाईएको छ । | |
| ५७ | | भाग - २० | भाग २० अन्तर्गतका सबै प्रावधानहरु हटाइएको छ । | |
| ५८ | २४४ | प्रदेश लोकसेवा आयोग सम्बन्धी व्यवस्था | प्रदेश लोकसेवा आयोगसम्बन्धी व्यवस्था हटाइएको छ । | |
| ५९ | २४६ | निर्वाचन आयोगको काम कर्तव्य अधिकारमा प्रयुक्त भएको प्रदेश सभा सदस्य | निर्वाचन आयोगको काम कर्तव्य अधिकारमा प्रयुक्त भएको प्रदेश सभा सदस्य शब्दावली हटाइएको छ । | |
| ६० | २५१ | राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग | राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग प्रावधान अन्तर्गत प्रयोग भएका संघ प्रदेश भन्ने शब्दको सट्टा केन्द्र भन्ने शब्द राख्ने ।<br>धारा २५१ को खण्ड (ख) र (ग)मा रहेको प्रदेश शब्द हटाउने, खण्ड (घ), | |

| | | | | |
|---|---|---|---|---|
| | | | (छ) हटाउने । | |
| ६१ | २७४ (४), (५), (६) र (७) | २७४. (४) उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्नेछ । (५) उपधारा (४) बमोजिम पठाइएको विधेयक तीन महीनाभित्र सम्बन्धित प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसदमा पठाउनु पर्नेछ । तर कुनै प्रदेश सभा कायम नरहेको अवस्थामा त्यस्तो प्रदेश सभा गठन भई त्यसको पहिलो बैठक बसेको मितिले तीन महीनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ । (६) उपधारा (५) बमोजिमको अवधिभित्र त्यस्तो विधेयक स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिएमा संघीय संसदको विधेयक उत्पत्ति भएको सदनले त्यस्तो विधेयक उपरको कारबाही अगाडि बढाउन बाधा पर्ने छैन । (७) उपधारा (५) बमोजिमको अवधिभित्र बहुसंख्यक प्रदेश सभाले त्यस्तो विधेयक अस्वीकृत गरेको सूचना संघीय संसदको सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ । | धारा २७४ को उपधारा (४), (५), (६) र (७) मा संशोधन<br>धारा २७४ को उपधारा (४), (५), (६) र (७) को पुरै प्रावधान हटाउने । | |
| ६२ | २७४ (८) | २७४. (८) प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा उपधारा (५) बमोजिम बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नु पर्नेछ । | धारा २७४ को उपधारा (८) मा संशोधन<br>धारा २७४ को उपधारा (८) को सट्टा देहायको उपधारा (८) राखिएको छ:<br>(८) स्थानीय निकायको सुझाव सहित आएको विधेयक संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य | कुनै विधयेक स्थानीय निकायको राय बुझ्नु आवश्यक भएमा उक्त राय सहित छलफलबाट उपयुक्त, आवश्यक एवम वास्तविकतामा आधारित संशोधन हुन सक्ने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नु पर्नेछ । | |
| ६३ | २७८ (२) | २७८. (२) प्रदेशको अधिकारको सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा नेपाल सरकारले सम्वन्धित प्रदेशसंग परामर्श गर्नु पर्नेछ । | धारा २७८ को उपधारा (२) मा संशोधन<br>धारा २७८ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छः<br>(२) स्थानीय निकायको अधिकारको सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा नेपाल सरकारले सम्वन्धित निकायसंग परामर्श गर्नु पर्नेछ । | संघीय राज्यको परिकल्पना देशलाई आवश्यक नभएकोले । |
| ६४ | २७८ (३) | २७८. (३) प्रदेश मन्त्रिपरिषदले नेपाल सरकारको सहमति लिई आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता गर्न सक्नेछ । | धारा २७८ को उपधारा (३) मा संशोधन<br>धारा २७८ को उपधारा ३ को प्रावधान पूरै हटाउने । | संघीयतासम्बन्धी सबै प्रावधान हटाउनुपर्ने भएकोले |
| ६५ | ३०६ (१) | ३०६. (१) (च) “प्रदेश” भन्नाले यस संविधान बमोजिम संघीय इकाईमा विभाजन गरिएको नेपालको संघीय इकाईको क्षेत्र र स्वरुप संझनु पर्दछ | धारा ३०६ को उपधारा (१) को खण्ड (च) हटाउने । | |
| ६६ | ३०६ (ञ) (ट) | (ञ) “संघ” भन्नाले संघीय संरचनाको सबैभन्दा माथिल्लो इकाइको रूपमा रहने संघीय तह सम्झनु पर्छ ।<br>(ट) “संघीय इकाइ” भन्नाले संघ, प्रदेश र स्थानीय तह सम्झनु पर्छ । | खण्ड ञ र ट को प्रावधान पूरै हटाउने । | संघीयतासम्बन्धी सबै प्रावधान हटाउनुपर्ने भएकोले |
| ६७ | | अनुसूचीमा संशोधन | अनुसूची ५, ६, ७ र ९ हटाइएको छ । | |
| ६८ | अनुसूची ४ | अनुसूची ४ को प्रावधान : | अनुसूची ४ को प्रदेश नं. ४ मा भएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र प्रदेश नं. ५ भएको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई एकीकृत गरेर साविकको जिल्ला नवलपरासी कायम गर्ने र उक्त जिल्लालाई हालेको लुम्बिनी प्रदेशअन्तर्गत राख्ने । त्यसैगरी रुकुम (पश्चिम भाग) रुकुम (पूर्व भाग) लाई एकीकृत गरी साविकको रुकुम जिल्ला | |

| | | | | |
|---|---|---|---|---|
| | | | कायम गर्ने र रुकुमलाई लुम्बिनी प्रदेशअन्तर्गत राख्ने, लुम्बिनी प्रदेशअन्तर्गत रहेको बाँके र बर्दियालाई कर्णाली प्रदेशअन्तर्गत गाभ्ने । | |
| ६९ | | संविधानका विभिन्न धारा, उपधारा, खण्ड, उपखण्डका प्रयुक्त संघीय वा संघीयतासम्बन्धी शब्दावली बारे । | संविधानका विभिन्न धारा, उपधारा, खण्ड, उपखण्डमा प्रयुक्त संघीय वा संघीयता सम्बन्धी शब्दावली हटाउनु वा संशोधन गर्नु पर्ने । | संघीयतालाई अस्वीकार गरिएकोले । |

## संविधानमा भएको नागरिकता सम्बन्धी संवैधानिक प्रावधानको संशोधन सम्बन्धी खण्ड

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १ | १० (२) | नेपालको प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ । | यो प्रावधान हटाउने । | संघीयतालाई अस्वीकार गरिएकोले । |
| २. | ११ | नेपालको नागरिक ठहर्ने : यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुनेछन् । | संवत् २०६३ पछि तर यो संविधान प्रारम्भ हुनु अघि जन्मको आधारमा गैर नेपाली नागरिकले नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति बाहेक यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरु नेपालको नागरिक हुने छन् । | २०४६ चैत्र मसान्तलाई आधारवर्ष ( ऋगत या तजभ थभबच) मानि हचुवाको भरमा कैयौं गैर नेपाली नागरिकले पनि जन्मको आधारमा नागरिकता लिन सफल भएका कारण यो व्यवस्था गर्नु परेको हो । |
| ३. | ११ (२) ख | ११ नेपालको नागरिक ठहर्ने : कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति | ११ नेपालको नागरिक ठहर्ने : कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु र आमा नेपालको वंशजको नागरिक रहेछ भने त्यस्तो व्यक्ति | नेपालको सन्दर्भमा नागरिकता सम्बन्धी वंशजको आधारलाई नै नेपाली नागरिकता प्राप्तिको मुख्य आधारको रुपमा व्यवस्था गरी नेपालमा वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यक्तिको योग्यता र स्पष्ट आधार निर्धारण गर्न यस्तो व्यवस्था गर्नु |

| | | | | |
|---|---|---|---|---|
| | | | | आवश्यक देखिएकोले । |
| ४. | ११ (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ । | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा गैर नेपाली नागरिक बाहेकले नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि अंगीकृत आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ । | वंशजको नागरिकताका सन्दर्भमा उल्लेखित व्याख्यात्मक टिप्पणीका आधारमा धारा ११ (३)को व्यवस्था प्रचलित मान्यता विपरीत भएकोले यो पूरै खारे गर्नुपर्ने देखिएको । |
| ५. | ११ (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने छ । | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरी सात वर्ष नेपालमा बासोबास गरेको र सम्बन्धित देशको नागरिकता परित्याग गरेकी विदेशी महिलाले चाहेमा व्यवस्थापिका कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्ने छ । | नेपाल जस्तो विशिष्ट भूराजनीतिक परिवेश भएको मुलुकमा यस प्रकारको व्यवस्था गर्न वाञ्छनीय देखिएकोले । |
| ६. | ११ (७) | तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ । | यो प्रतिबन्धात्मक वाक्यांश पूरे हटाउने । | यो प्रतिबन्धात्मक व्यवस्था वंशजको आधारको मान्यता विपरीत रहेकोले पूरै हटाउनु पर्ने देखिएकोले । |
| ७. | ११ (८) | यस धारामा लेखिएदेखि बाहेक नेपाल सरकारले संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्रदान गर्ने छ । | यस धारामा लेखिएदेखि बाहेक नेपाल सरकारले यो संविधान प्रारम्भ भएपछि नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, साहित्यीक क्षेत्रमा विशेष योगदान पुऱ्याएका विदेशीलाई र अन्य कुराहरुमा देहायका शर्त पूरा गरेको आधारमा व्यवस्थापिका कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्रदान गर्न सक्ने छ ।<br>(क) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्न र लेख्न जानेको, (ख) नेपालमा कुनै व्यवसाय गरी कानुनी रुपमा कम्तीमा १५ वर्ष स्थायी बसोबास गरेको, (ग) अन्य मुलुकको नागरिकता त्यागेको, (घ) असल चालचलन भएको, (ङ) नेपाललाई उच्च सम्मान गर्ने र | अंगीकृत नागरिकता पाउने शर्तका सम्बन्धमा पनि संवैधानिक व्यवस्था गर्नु आवश्यक देखिएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | लेखेर, कथनले वा अन्य कुनै प्रकारले नेपालको अखण्डता, स्वतन्त्रता, सार्वभौमिकता र स्वाधीनतामा आँच पुराउने नियतले कुनै काम नगरेको । उक्त सर्तहरु पूरा गर्ने विश्वसनिय आधार निर्माण भएको खण्डमा नेपाल सरकारले अंगीकृत नागरिकता दिन सक्ने छ । अंगीकृत नागरिकता हक अधिकारको विषय नभइ नेपाल सरकारले स्वेच्छाले प्रदान गर्ने प्रमाणपत्र हो । | |
| ८. | ११ (८) क | नयाँ व्यवस्था थप गर्ने | उपधारा ८ बोजिम प्रदान गरिएको अंगीकृत नागरिकता सम्बन्धी विवरण प्रत्येक वर्ष व्यवस्थापिका संसद समक्ष प्रस्तुत गर्नुपर्ने छ । | विदेशी नागरिकलाई दिइने नेपालको अंगीकृत नागरिकताको विषयलाई राष्ट्रहित अनुकूल पारदर्शी र उत्तरदायी बनाउन यस्तो व्यवस्था गर्नु परेको । |
| ९. | २८९ (१) | २८९. (१) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनीत वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्नेछ । | धारा २८९ को उपधारा (१) मा संशोधन<br>धारा २८९ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राखिएको छः<br>(१) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, संवैधानिक निकायका प्रमुख, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनीत वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्नेछ । | वंशजको नागरिकलाई मात्र यस प्रकारका पदहरुमा लिएर जाने आम विश्वव्यापी प्रचलन रहेकोमा । |
| १०. | २८९ (२) | २८९. (२) उपधारा (१) मा उल्लिखित पद बाहेक अन्य संवैधानिक निकायको सदस्य पदमा यस संविधान बमोजिम नियुक्तिको लागि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, नेपालको अंगीकृत | धारा २८९ को उपधारा (२) मा संशोधन<br>धारा २८९ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छः | नेपाल जस्तो विशिष्ट भूराजनीतिक अवस्था भएको मुलुकका लागि यस प्रकारको व्यवस्था बढी प्रभावकारी हुने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | नागरिकता प्राप्त गरेको व्यक्ति वा जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्तिसमेत योग्य हुनेछ ।<br>तर नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा दश वर्ष, जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति र धारा ११ को उपधारा (६) बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तिमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनु पर्नेछ । | (२) उपधारा (१) मा उल्लिखित पद बाहेक अन्य संवैधानिक निकायको पदमा यस संविधान बमोजिम नियुक्तिको लागि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्ति समेत योग्य हुनेछ ।<br>तर नेपालको अंगीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा उक्त नागरिकता प्राप्त गरेको मितिले कम्तीमा दश वर्ष नेपालमा स्थायी बसोबास गरेको हुनु पर्ने । | |

## मौलिक हक र कर्तव्य सम्बन्धी संवैधानिक प्रावधानमा गर्नु पर्ने संशोधन

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | ४२ (६) थप गर्ने | नयाँ व्यवस्था थप गर्ने :<br>प्रवासी नेपालीको हक | प्रवासी नेपालीको मताधिकारको हक सुनिश्चित गरिने छ । | प्रवासी नेपालीको मताधिकारको हकलाई सुनिश्चित गर्न मौलिक हक अन्तर्गत राख्नु परेकोले । |
| २. | ३५ (५) | नयाँ व्यवस्था थप गर्ने : | जेष्ठ नागरिकको उपचारको सम्पूर्ण खर्च राज्यले व्यवस्था गर्ने छ । | जेष्ठ नागरिकको संरक्षण गर्नु राज्यको दायित्व भएकोले । |
| ३. | ३५ (१) | प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवा बाट बञ्चित गरिने छैन । | प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ । कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवा बाट बञ्चित गरिने छैन ।<br>थप (क) राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकको कार्यान्वयनको | नागरिकको स्वाथ्य सुरक्षाको हकमा राज्यलाई बढी जवाफदेही बनाउन । |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था गर्ने दायित्व राज्यको हुने छ । आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित भै कुनै नागरिकको मृत्यु भएमा वा स्वास्थ्यमा गम्भीर र दीर्घकालीन असर परेका अवस्थामा राज्यको तर्फबाट सम्बन्धित परिवार र व्यक्तिलाई मुनासिव क्षतिपूर्ति र उपचार खर्च उपलब्ध गराइने छ । | |
| ४. | ३८ (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने छ । | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना पैत्रिक सम्पत्ति लगायत सबैमा समान वंशीय हक हुने र विवाहित वा सम्बन्धविच्छेद वा पुनर्विवाहको अवस्थामा पनि महिलालाई सम्पत्तिको समान अधिकारबाट बञ्चित गरिने छैन । | महिलाको हकको सवालमा सबैभन्दा महत्वपूर्ण निर्णायक सम्पत्तिसम्बन्धी हक भएकोले त्यसको संरक्षणका लागि यस्तो व्यवस्था गर्नु परेको । |
| ५. | ३८ (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने छ । | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी स्वतन्त्रताको हक हुने छ । | महिला हक अधिकारलाई सुनिश्चित गर्न । |
| ६. | ४७ (१) | नयाँ व्यवस्था थप गर्ने : | स्वायत्त शासनको हक : (१) सबै नागरिकलाई स्वायत्त शासनको माध्यमबाट शासन प्रक्रियामा पूर्ण रुपमा सम्मिलित हुने एवं विकेन्द्रीकरण र लोकतन्त्रका लाभहरु उपयोग गर्ने हक हुने छ । | शासन प्रक्रियामा सबै नागरिकलाई सहभागी गराउन स्थानीय स्वायत्त शासनको व्यवस्थालाई मौलिक हकमा राख्नु परेको । |

## संकटकालसम्बन्धी व्यवस्थामा संशोधन बारे

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | २७३ (१) | नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता वा कुनै भाग सुरक्षामा युद्ध, बाह्य आक्रमण, चरम आर्थिक विश्रृखंलता, प्राकृतिक विपद् वा महमारीका कारणले | नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमणका कारणले गम्भीर | मानव अधिकारको संरक्षणका लागि । |

| | | | | |
|---|---|---|---|---|
| | | गम्भीर संकट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालिन अवस्थाको घोषाणा गर्न वा आदेश जारी गर्न सक्ने छ । | संकट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभर वा नेपालको कुनै खास क्षेत्रमा लागु हुने गरी संकटकालिन अवस्थाको घोषाणा गर्न वा आदेश जारी गर्न सक्ने छ । | |
| २. | २७३ | २७३. (२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भएमा सम्बन्धित प्रदेश सरकारले नेपाल सरकार समक्ष यस धारा बमोजिम प्रदेश वा प्रदेशको कुनै भागमा संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गर्नका लागि अनुरोध गर्न सक्नेछ । | धारा २७३ को उपधारा (२) मा संशोधन धारा २७३ को उपधारा (२) पुरै हटाउने । | प्रकृतिक विपद तथा महामारी फैलिएको वहानामा नागरिकका मौलिकहक र स्वतन्त्रताका अधिकारमा कटौती गर्ने लोक कल्याणकारी राज्यको लागि उचित नहुने भएकोले । |

## संविधान संशोधनसम्बन्धी प्रावधानमा संशोधन बारे

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | २७४ (१) | नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र जनतामा निहित सार्वभौम सत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन । | नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र जनतामा निहित सार्वभौमसत्ता पछि देहायका वाक्यांश थप गरिएको छ : गणतन्त्रात्मक व्यवस्था, विधिको शासन, स्वतन्त्र न्यायपालिका, मौलिक अधिकार र मानव अधिकार, पूर्ण प्रेश स्वतन्त्रता, बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकार, समावेशीता, आवधिक निर्वाचन र धर्मनिरपेक्षताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन । | जनआन्दोलनका उपलब्धिहरु संस्थागत गर्न । |

मिश्रवरा

## जनमत संग्रहसम्बन्धी व्यवस्थामा संशोधन बारे

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | २७५ (१) | राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भने संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषय जनमत संग्रहबाट निर्णय लिन सकिने छ । | राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भने व्यवस्थापिका संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषय जनमत संग्रहबाट निर्णय लिन सकिने छ । तर गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता, बहुदलीय प्रतिस्पर्धा समेतबारे कुनै जनमत संग्रह गरिने छैन । | गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीताको रक्षाका लागि । |

## प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदनसम्बन्धी व्यवस्थामा संशोधन बारे

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | २७९ (२) | २७९ (२) को प्रतिबन्धात्मक वाक्यांश र खण्ड (क) र (घ)मा उल्लेखित विषयका सन्धि सम्झौता मध्ये राष्ट्रलाई व्यापक गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट हुन सक्ने छ । | धारा २७९ को उपधारा २ को प्रतिबन्धात्मक वाक्यांक पूरै हटाउने । | राष्ट्रिय हितलाई ध्यानमा राखेर यस्तो व्यवस्था गर्नु परेको । |



मिश्रवरा

## राष्ट्रिय जनावरसम्बन्धी व्यवस्थामा संशोधन गर्ने बारे ।

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | ९ (३) | राष्ट्रिय जनावर गाई : | संविधानको धारा ९ को उपधारा ३ मा रहेको राष्ट्रिय जनावर गाईको सट्टा गैंडा हुने छ । | गाईको संरक्षणमा राज्यले उचित ध्यान नदिएको त्यसका साथै त्यसले एउटा धर्म विशेषको प्रतिक रहेकोले धर्मनिरपेक्षताको सिद्धान्त विपरीत भएकोले यस्तो व्यवस्था गर्नु परेको । |

## विविधसम्बन्धी व्यवस्थामा संशोधन गर्ने बारे ।

| क्र.सं. | धारा/उपधारा/ प्रतिबन्धात्मक वाक्यांश आदि | हाल भएको व्यवस्था | अब हुनपर्ने व्यवस्था | सैद्धान्तिक/व्यवहारिक औचित्य |
|---|---|---|---|---|
| १. | २९५ (१) | नयाँ व्यवस्था थप गर्ने बारे : | दलित समुदायका लागि प्रत्यक्ष निर्वाचन तर्फ आरक्षित निर्वाचन क्षेत्रहरु कायम गरिने छ र त्यस्ता क्षेत्रहरुमा समानुपातिक आधारमा दलित समुदायका व्यक्तिहरु मात्र निर्वाचनमा उम्मेदवार हुनेछन् । | दलित समुदायलाई सकारात्मक विभेदको आधारमा सामाजिक सुरक्षा प्रदान गर्न । |
| २. | २९५ (२) | नयाँ थप गर्नुपर्ने व्यवस्था : | महिलाका लागि प्रत्यक्ष निर्वाचन तर्फ आरक्षित निर्वाचन क्षेत्रहरु कायम गरिने छ र त्यस्ता क्षेत्रहरुमा समानुपातिक आधारमा महिला मात्र निर्वाचनमा उम्मेदवार हुनेछन् । | महिलाको राजनीतिक हक अधिकार सुरक्षित गर्न । |